# लोक सेवा आयोग
# जलेश्वर कार्यालय

जलेश्वर, महोत्तरी

## राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. १/०८२-८३, मितिः २०८२/०४/०९**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नं. १६७०१-१६७०७/०८१-८२ (खुला तथा समावेशी), संयुक्त तथा एकीकृत, रा.प. तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह** पदमा **जलेश्वर परीक्षा केन्द्र** राखी मिति २०८१।१२।३० र २०८२।०२।१० गते सञ्चालन भएको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको **द्वितीय चरणको प्रतियोगितात्मक लिखित** परीक्षा आयोगको सूचना नं. २४६७/२०८१-८२, मिति २०८२/०३/०३ गते प्रकाशित परीक्षा कार्यक्रम अनुसार देहायको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य मा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | पत्र | विषय | उम्मेदवार संख्या | लिखित परीक्षा मिति | परीक्षा समय र अवधि |
|---|---|---|---|---|---|
| १ | द्वितीय पत्र (सबै सेवा समूहका लागि) | शासन प्रणाली | १६५ | २०८२/०४/१९ गते | दिनको २:०० बजे ३ घण्टा |
| २ | तृतीय पत्र (सबै सेवा समूहका लागि) | समसामयिक विषय | १६५ | २०८२/०४/२० गते | |
| ३ | चतुर्थ पत्र (प्रशासन, संघीय संसद र लेखा परीक्षण सेवाका लागि मात्र) | सेवा, समूह सम्बन्धी | १३२ | २०८२/०४/२१ गते | |
| ४ | अतिरिक्त पत्र (परराष्ट्र सेवाका लागि मात्र) | Extra Paper I: अंग्रेजी भाषा | ४८ | २०८२/०४/२२ गते | |
| | | Extra Paper II: परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध | ४८ | २०८२/०४/२३ गते | |

**परीक्षा केन्द्र**

| क्र.सं. | उम्मेदवारहरुको रोल नं. | परीक्षा भवन |
|---|---|---|
| १ | १५०००६ देखि १५१८३९ सम्म र ३११३४० समेत | श्री एडभान्स लर्नर हिमालयन ई.बो., जलेश्वर |

**द्रष्टव्यः-**

१. मिति २०८१/१२/३० गते सञ्चालित प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र **प्रशासन, संघीय संसद र लेखापरीक्षण** सेवाको द्वितीय चरणको परीक्षामा सहभागी हुन पाउनेछन्।

२. मिति २०८२/०२/१० गते सञ्चालित प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र **परराष्ट्र** सेवाको द्वितीय चरणको परीक्षामा सहभागी हुन पाउनेछन्।

३. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

४. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

५. जलेश्वर परीक्षा केन्द्र राखी प्रथम चरणको परीक्षा उत्तीर्ण भएका र परीक्षा केन्द्र परिवर्तन गरी जलेश्वरबाट प्रथम चरणको परीक्षा उत्तीर्ण भएका उम्मेदवारहरु बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन।

६. परीक्षा भवनमा झोला, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

७. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

८. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

| | | |
|---|---|---|
| (छक्क बहादुर वि.क.) | (केदार नाथ शर्मा) | (चन्द्रकान्त निरौला) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |